# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मेलम्ची, सिन्धुपाल्चोक
## बागमती प्रदेश, नेपाल

## प्रस्ताव आव्हान सम्वन्धी सूचना !!!

सूचना नं.: ४-२०८१/०८२ (पशु सेवा)

सूचना प्रकाशन मितिः २०८१/०५/१८

(ने.सं. ११४४ गुँलागा ३०, मंगलबार)

मेलम्ची नगरपालिका, पशु सेवा शाखाको आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन हुने भएकाले नगरक्षेत्रभित्र संचालनमा रहेका न्यूनतम मापदण्ड पुरा भएका इच्छुक पशुपन्छी फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले २१ औं दिन (मितिः २०८१/०६/०९) भित्र मेलम्ची नगरपालिका, पशु सेवा शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

| क्र.स. | कार्यक्रमको नाम | न्यूनतम मापदण्डहरु | जम्मा बजेट रु. हजारमा |
|---|---|---|---|
| १. | ५० प्रतिशत साझेदारीमा पशुपन्छी औजार उपकरण वितरण (मोटर सहितको फलामे च्याफकटर) | कम्तिमा ३ माउ गाई/भैंसीपालन गरेको हुनुपर्ने | ४०० |
| २. | ७५ प्रतिशत अनुदानमा गाईभैंसीका लागि काउ म्याट वितरण कार्यक्रम | कम्तिमा ३ वटा माउ गाई/भैंसीपालन गरेको हुनुपर्ने र सुधारिएको गोठ भएको हुनुपर्ने | ४०० |
| ३. | पशुपालन फर्महरुका लागि लजिष्टिक सपोर्ट कार्यक्रम (सरसफाई तथा जैविक सुरक्षाका सामाग्रीहरु) | सुचिकृत भएको हुनुपर्ने (गाई/भैंसी-५ माउ, बाखा-२० माउ, बंगुर-१० माउ र कुखुरा-५०० वटा पालन भएको) | ४०० |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

- तोकिएको ढाँचामा निवेदन ।
- निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।
- भुमिकर तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपी ।
- संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- पशु सेवा शाखामा सुचिकृत प्रमाणपत्रको प्रतिलिपी ।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाइट www.melamchimun.gov.np वा www.melamchikrishi.gov.np मा हेर्नुहुन वा सम्वन्धित वडा कार्यालय वा मेलम्ची नगरपालिका, पशु सेवा शाखा वा एकिकृत सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुनेछ ।

०८।०५।१८

उपेन्द्र पण्डित
अधिकृत स्तर छैठौं

अशोक कुमार भट्टराई
प्रमुख प्रशासकीय अधिकृत